Total No. of Printed Pages—7

**HS/XII/A/n/24**

**2 0 2 4**

# ELECTIVE NEPALI

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही उत्तर छानेर लेख : 1×10=10

(क) धनेले चर्को व्याजमा पैसा लिएर के गऱ्यो?

*(i)* मैनालाई दियो

*(ii)* ऋण तिऱ्यो

*(iii)* घर बनायो

*(iv)* भैंसी किन्यो

(ख) रिकुटे कुन महीनामा रिकुट फर्क्यो?

*(i)* असार

*(ii)* चैत

*(iii)* साउन

*(iv)* फागुन

(ग) ''मर्नुसिवाय तिमीलाई अर्को ______ छैन।''
तल दिइएका सही विकल्प छानेर माथिको वाक्य पूरा गर।

*(i)* बाटो

*(ii)* ठाउँ

*(iii)* उपाय

*(iv)* मौका

(घ) धनेको भैंसीले लेउतेको फापर विनाश गरेकोमा धनेलाई कति जरिमाना तोकियो?

*(i)* 2 मोहर

*(ii)* 3 मोहर

*(iii)* 4 मोहर

*(iv)* 5 मोहर

(ङ) ''अँधेरो रात छ, थाकेको पनि छु।''
यस वाक्यमा थाक्ने व्यक्ति को हो?

*(i)* धने

*(ii)* मोटे कार्की

*(iii)* रिकुटे

*(iv)* लेउते

(च) 'मसान' नाटकमा 'मसान' शब्दको अर्थ के हो?

*(i)* प्रेम-मिलन

*(ii)* हाँसो-खुशी

*(iii)* दुःख-पीडा

*(iv)* रात-दिन

(छ) ''अँ! बत्ती नाङलोमा देखिनँ नि, म। खै बत्ती?'' —यो वाक्य कसले भनेको हो?

*(i)* युवतीले

*(ii)* कृष्णकी बहिनी

*(iii)* वाग्मतीले

*(iv)* दुलहीले

(ज) वाग्मतीको छोरोको कसरी मृत्यु भयो?

*(i)* रुघाले

*(ii)* हैजाले

*(iii)* क्षयले

*(iv)* जरोले

(झ) कृष्ण को हो?

*(i)* सफल साहित्यकार

*(ii)* सफल व्यापारी

*(iii)* शिक्षित शहरिया

*(iv)* शिक्षित गाउँले

(ञ) ''जो मेरो धनले धनी हुन्छ, म त्यसैसित ______ गरूँ।''
तल दिइएका सही विकल्प छानेर माथिको वाक्य पूरा गर।

*(i)* ईर्ष्या

*(ii)* इख

*(iii)* शेखी

*(iv)* घमण्ड

**2.** कोष्ठभित्र दिइएका सही शब्द छानेर तलका वाक्य पूरा गर : 1×5=5

(क) पकाउनेले आफैँ पो ______ लाइदिनुपर्छ। (भाग/खाना)

(ख) मुगलानमा उसलाई ______ सुन्ने अवकाश कहीं पनि परेन। (झ्याँउरे/सँगिनी)

(ग) बिहान सबेरै उठ्ने रिकुटेको ______ थियो। (बानी/तलतल)

(घ) तिमी चाँडै एउटा ______ मात्रै पाइदेऊ। (छोरी/छोरा)

(ङ) हैन तपाईंको छाती ______ हो कि मान्छेको? (पत्थरको/दुङ्गाको)

**3.** तल दिइएका कथन सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख : 1×5=5

(क) नन्दे ढकालको कान्छो छोरो मिलनसार व्यक्ति छ।

(ख) रिकुटे एउटा छेत्रीको छोरो हो।

(ग) धनेले चार-चार कौडीको निम्ति जीवनको आखिरी श्वासको बाजी लगाउन चाहन्छ।

(घ) युवतीले दुलहीलाई घरको जम्मै काम गर्न भन्छे।

(ङ) वाग्मती एउटी गरीब घरकी छोरी हो।

## SECTION—II

( *Marks* : 30 )

**4.** तलका कुनै **पाँच** प्रश्नहरूका *4/5* वाक्यमा उत्तर लेख : 3×5=15

(क) रिकुटेले झुमासँग मुग्लान बजारको कस्तो वर्णन गर्छ?

(ख) धनेले किन गाभिनी भैँसी कुट्यो? गाभिनी भैँसीको के भयो?

(ग) धनेको आर्थिक स्थितिलाई केकेसँग कसरी तुलना गरिएको छ?

(घ) दोबाटे साहिँलो को हो? उसको स्वभाव कस्तो छ?

(ङ) ''मेरो अलच्छिने लुगा पनि दिनुहुन्छ?'' यो वाक्य कसले कसलाई किन भनेको हो? स्पष्ट पार।

(च) दुलहीको जीवन बिगारिदिने व्यक्ति को हो? उसले कसरी दुलहीको जीवन बिगारिदियो?

(छ) भोटुलाई कृष्णले किन आफ्नो घरमा राख्छ? युवतीको स्यार-सुसारमा भोटु कस्तो भएको छ?

**5.** (क) मात्रिक छन्द केलाई भनिन्छ? एउटा उदाहरण देऊ। 3

(ख) मुख्य रूपमा अलङ्कार कति प्रकारका छन्? ती के-के हुन्? कुनै एक अलङ्कारको उदाहरण देऊ। 3

(ग) रस भनेको के हो? कुनै चारवटा रसको नाम लेख। 3

(घ) कर्म कारक, करण कारक र सम्बन्ध कारक-का एक-एकवटा उदाहरण देऊ। 3

(ङ) तलका वाक्य शुद्ध पारेर लेख : 1×3=3

*(i)* एउटा हुन्छ भाँति पनि त माया गर्नुको।

*(ii)* थालेको चल्न चिसो बिहान सिरेटो छ।

*(iii)* नियमहरू आ-आफ्नै परिवारका प्रत्येक हुन्छन्।

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसँग व्याख्या गर (कुनै **दुइ**) : 5×2=10

(क) ''तेरो पेवाको खसी कसरी बेच्नु, कति गरेर, गोडादुएक पाठा पालेकी छस्, तिनै पनि मासिदिएर के गर्नु? आफूले थपिदिनचाहिँ त्यत्तिकै हुन आँट्यो।''

(ख) दिनभरि एउटै कारणले उठेको आफ्नो-आफ्नो हृदयको पीरले थकित दुवै स्त्री-पुरुषले बसेर समय बिताए। एकले अर्कोलाई ढाडस दिने शक्तिसम्म पनि उनीहरूमा रहेको थिएन।

(ग) ''काम गर्ने मान्छे नभएर तिमीलाई ल्याएको त हैन बा! नोकर-चाकर छन्, म छु, तिमीलाई के को धन्दा?''

(घ) मैले भोक-भोकै राखेको छु। नीलडाम पर्ने गरेर कुटेको छु। घरबाट बेपत्ता भइरहन्छु। आफ्नो जीउको सम्भार आफैं पनि गर्न सक्नुपर्छ।

**7.** 'मसान' नाटकमा नारी पात्राहरूका समस्यालाई कसरी दर्शाइएको छ? सङ्क्षेपमा लेख। 7

**अथवा**

'मसान' नाटकका नायक कृष्णको चरित्र चित्रण गर।

**8.** मोटे कार्की को हो? कार्की किन स्त्री-समाजमा अति प्रिय थियो? कार्कीले कसरी झुमाको उद्धार गरेको छ? 7

**अथवा**

'बसाइँ' उपन्यासका मुख्य पात्र धनेको चरित्र चित्रण गर।

**9.** मानिसले कुनै पनि क्षेत्रमा परिश्रम गर्‍यो भने सफलता प्राप्त गर्न सक्छ भन्ने विषयलाई बुझाउँदै तिम्री सानी बहिनीलाई पत्र लेख। 6

**10.** तल दिइएका विषयमाथि कुनै **एउटा** विषय छानेर *200* शब्दभित्र निबन्ध लेख : 10

(क) मातृभाषाको महत्त्व

(ख) राष्ट्रिय चाड

(ग) जी20-शिखर सम्मेलन

(घ) बाबा-घरको बलियो खाँबो

(ङ) योगबाट लाभ

**11.** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख :

एक दिन अलेक्जेन्डर फ्लेमिङ प्रयोगशालामा गएर एउटा जीवाणु विकास गरेको थाली उठाई परीक्षण गर्ने सुरमा लागे। महिनौँ बितिसक्दा पनि आफ्नो अनुसन्धान सफल नभएकोमा उनी दिक्क भएका थिए। उत्साह घटिरहेको र दिक्दारी बढिरहेको यस अवस्थामा उनले आफूले उठाएको थालीको ढकनी थाहै नपाई खोलेछन्। एकछिनमा हेर्दा उनले त्यस थालीमा नीलोनीलो रङ देखे। पहिले यस्तो देखिदैनथ्यो, अहिले किन यस्तो देखियो भनेर उनी सोंच्न थाले पहिलेपहिले परीक्षण गर्दा उनी थालीको ढकनी एकछिन मात्र खोल्थे। अन्य जीवाणु पर्ने डरले उनी ढकनी लगाइहाल्थे। त्यसदिन अज्ञानवश केही समय थाली खुलै रहेको थियो। थाली धेरै बेरसम्म खुला राखेकाले हावामा भएको ढुंसी त्यहाँ गई जमेको हुनसक्ने अनुमान उनले गरे। उनले त्यस थालीको हल्का नीलो रङको ढुंसीको परीक्षण गर्दा त्यसबाट निस्किएको रसले उनले उत्पादन गरेका जीवाणुलाई भस्याक-भुसुक मारेको देखे। उनले त्यस रसको नाम पेनिसिलिन राखे। यसरी पेनिसिलिनको पत्ता लाग्यो।

**प्रश्नहरू :**

(क) अलेक्जेन्डर किन दिक्क भएका थिए? 2

(ख) सधैँ उनी किन ढकनी लगाइहाल्थे? 2

(ग) उनको थालीमा देखिएको नीलो रङ के थियो? 2

(घ) उनले उत्पादन गरेका जीवाणुलाई भस्याक-भुसुक पार्ने रसको नाम के राखे? 2

(ङ) 'परीक्षण' र 'जीवाणु' शब्दको अर्थ के हो? 2

★★★